बुढानीलकण्ठ नगरपालिका

नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

स्वास्थ्यसम्बन्धी प्रयोगात्मक अभ्यास व्यवस्थापन कार्यविधि, २०८०

**खण्ड :- ६** **सङ्ख्या :- ३** **मिति : २०८०।५।१२**

## भाग- २

**प्रस्तावनाः**

यस बुढानीलकण्ठ नगरपालिकाअन्तर्गत रहेको स्वास्थ्य संस्थाहरूमा प्रयोगात्मक अभ्यासका निम्ति विभिन्न शैक्षिक संस्थाहरूबाट आउने विद्यार्थीहरूको प्रयोगात्मक सिकाईलाई व्यवस्थित तवरले सञ्चालन गर्नको लागि यो कार्यविधि तयार गरिएको छ । यस कार्यविधि तयार पश्चात प्रयोगात्मक अभ्यासका निम्ति आउने विद्यार्थी तथा शैक्षिक संस्थाहरूविच सम्बन्ध हुने तथा स्वास्थ्य तहबाट सञ्चालित स्वास्थ्य सेवाको बारेमा ज्ञान, सिप हासिल हुने साथै विभिन्न शैक्षिक संस्थाहरूसँग समन्वय तथा सहकार्य वाञ्छनीय भएकाले,

प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ बमोजिम स्वास्थ्यसम्बन्धी प्रयोगात्मक अभ्यास व्यवस्थापन कार्यविधि, २०७९ स्वीकृत गरिएको छ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम : **स्वास्थ्य संस्थामा प्रयोगात्मक अभ्यासका निम्ति आउने विद्यार्थी तथा शैक्षिक संस्थाको व्यवस्थापन कार्यविधि, २०७९** रहेको छ।

ख. यो कार्यविधी बुढानीलकण्ठ नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

ग. यो कार्यविधि बुढानीलकण्ठ नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरूमा आउने विद्यार्थी तथा शैक्षिक संस्थाहरूका लागि लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. **प्रयोगात्मक अभ्यास** भन्नाले यस बुढानीलकण्ठ नगरपालिकाअन्तर्गत रहेका बुढानीलकण्ठ स्वास्थ्य संस्थाहरूमा विभिन्न शैक्षिक संस्थाहरूबाट विभिन्न स्वास्थ्य विषयमा  अध्ययन तथा अनुसन्धान भन्ने जनाउँदछ।

ख. **व्यवस्थापन** भन्नाले प्रयोगात्मक अध्ययनको क्रममा आउने शैक्षिक संस्था तथा उक्त शैक्षिक संस्थाहरूबाट आउने विद्यार्थीहरूको उचित व्यवस्थापन भन्ने सम्झनुपर्छ ।

ग. **समिति** भन्नाले स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई जनाउँदछ ।

**३. लक्ष्यः**

क. विभिन्न शैक्षिक संस्थाहरूबाट प्रयोगात्मक सिकाईका लागि आउने विद्यार्थीहरूबाट राजश्व सङ्कलन गर्ने ।

ख. स्वास्थ्य तहबाट सञ्चालित स्वास्थ्य संस्थाहरूद्वारा उपलब्ध गराउने सेवाहरूको बारेमा विद्यार्थीहरूको माध्यमबाट समदायमा स्वास्थ्य संस्थाहरूद्वारा उपलब्ध गराउने सेवाको बारेमा जानकारी गराई सेवालाई विस्तार गर्ने ।

**४. उद्देश्यः**

क. शैक्षिक संस्थाहरूबाट अध्ययनको क्रममा आएका विद्यार्थीहरूले रोगहरूको पहिचान गर्ने, तथ्याङ्कको सङ्कलन विश्लेषण गरी प्रतिवेदन तयार हुनेछ । सो प्रतिवेदनको आधारमा स्वास्थ्यसम्बन्धी वार्षिक कार्ययोजनामा समेत सहयोग पुग्ने ।

ख. सम्बन्धित स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी शैक्षिक संस्थाबीच समन्वय सहकार्य भई स्वास्थ्यकर्मीहरू उत्प्रेरित हुने ।

ग. विभिन्न शैक्षिक संस्थाहरूबाट आउने विद्यार्थीहरूले स्वास्थ्य संस्थाहरूबाट उपलब्ध गराउने स्वास्थ्य सेवाको बारेमा ज्ञान सिप हासिल गर्ने।

घ. नगरपालिकाको राजस्व बृद्धिमा टेवा पुग्ने ।

**५. प्रयोगात्मक अभ्यासका लागि आउने विद्यार्थीहरू सम्बन्धी संस्थागत संरचनाः**

कुनै पनि शैक्षिक संस्थाबाट यस बुढानीलकण्ठ नगरपालिकाअन्तर्गत रहेका स्वास्थ्य संस्थाहरूमा प्रयोगात्मक अभ्यासका लागि आउनुभन्दा अघि जनस्वास्थ्य महाशाखा, बुढानीलकण्ठ नगरपालिकामा जानकारी गराए पश्चात जनस्वास्थ्य महाशाखाले मनासिव लागेमा स्वीकृत पत्र उपलब्ध गराउने छ । तत्पश्चात उक्त शैक्षिक संस्थाले निश्चित रकम नगरपालिकाको राजश्व खातामा दाखिला गरी तोकिएको स्वास्थ्य संस्थामा गई स्वास्थ्य संस्थाले तोकेको परिधिभित्र रही प्रयोगात्मक अभ्यास गर्नुपर्नेछ ।

**६.** विभिन्न शैक्षिक संस्थाहरूद्वारा प्रयोगात्मक ज्ञान हासिल गर्ने अभिप्रायले प्रमाणपत्र तह, स्नातक तह, स्नातकोत्तरका विद्यार्थीहरूलाई शैक्षिक कार्यक्रमको सिलसिलामा बुढानीलकण्ठ नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा विभिन्न शैक्षिक शत्रका विद्यार्थीहरू ज्ञान हासिल गर्ने फिल्डमा ल्याउँदा निम्न निर्देशिका बमोजिम पालना गर्नुपर्नेछ ।

१. शैक्षिक संस्थाहरूले पूर्व स्वीकृतका लागि प्रमुख प्रशासकीय अधिकृतमार्फत स्वीकृत लिनु पर्ने ।

२. एक शैक्षिक कार्यक्रमको लागि स्वीकृत लिन रु.५,०००।– को राजस्व कर र रु.४,५००/- प्रस्तुतीकरण शुल्क गरि जम्मा रु.९,५००/- तिर्नुपर्नेछ।
३. स्वीकृत भएको निर्णयलाई जनस्वास्थ्य महाशाखामार्फत कार्यान्वयन अगाडि बढाउनुपर्नेछ।
४. प्रयोगात्मक ज्ञानका लागि स्वास्थ्य चौकीमा विद्यार्थीहरू पठाउँदा नगर पालिकालाई निम्नबमोजिम रकम नगरपालिकाको राजस्व खातामा जम्मा गर्नुपर्नेछ।
    क) प्रमाणपत्र तहका विद्यार्थीका लागि प्रति विद्यार्थी प्रति महिना रु.१,२००।– (एक हजार दुई सय मात्र)
    ख) स्नातक तह विद्यार्थीका लागि प्रति विद्यार्थी प्रति महिना रु.१,७००।– (एक हजार सात सय मात्र)
    ग) स्नातकोत्तरका विद्यार्थीका लागि प्रति विद्यार्थी प्रति महिना रु.२,२००।– (दुई हजार दुई सय मात्र)
५. नगरपालिकाले सम्बन्धित स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई व्यवस्थापन खर्च उपलब्ध गराउनेछ।

७. दफा ६ मा उल्लिखित दाखिला गरिएको रकमहरूको व्यवस्थापन तथा खर्चसम्बन्धी अन्य व्यवस्था देहाय अनुसार हुनेछ।
१. विद्यार्थीको प्रयोगात्मक ज्ञान सिक्ने क्रमको १५ दिन वितिसकेपछि सम्वन्धित शैक्षिक संस्थाहरूले माथि उल्लिखित प्रति विद्यार्थी प्रति महिनाका दरले आउने कूल जम्मा रकम नगरपालिकाको राजस्व खातामा जम्मा गरिदिनुपर्नेछ।
२. शैक्षिक संस्थाले नगरपालिकामा राजस्व तिरिसकेपछि जनस्वास्थ्य महाशाखामा प्रस्तुतीकरणका लागि प्रमुख प्रशासकीय अधिकृतसँग समय लिई नगरपालिकाद्वारा सञ्चालित स्वास्थ्यसम्बन्धी गतिविधि, हालसम्म हासिल गरेका स्वास्थ्य सेवाका उपलब्धिहरू तथा नविनतम् कार्यहरूसम्बन्धी प्रस्तुतीकरणको व्यवस्था जनस्वास्थ्य महाशाखाले गर्नुपर्नेछ। सो कार्यमा बढीमा २ जना प्रस्तुतिकर्तालाई प्रति व्यक्ति रु.२,०००।– (प्रस्तुतिपत्र संलग्न गर्नुपर्ने) र एक जना सरसफाईकर्तालाई रु. ५००।– मा करकट्टी हुने गरी प्रस्तुतिपत्रका आधारमा स्वास्थ्य संस्था व्यवस्थापन समितिले भुक्तानी गर्नुपर्नेछ। सम्वन्धित शैक्षिक संस्थालाई नगरपालिकाले हल तथा पिउने पानीको व्यवस्था गर्नेछ।
३. बुढानीलकण्ठ नगरपालिकाभित्र कुनै पनि संघ तथा शैक्षिक संस्थाद्वारा अनुसन्धान गर्नु पर्ने भएमा सोको लागि पूर्व स्वीकृत लिइ दस्तुर स्वरुप रु. ५,०००।– को बुझाउनु पर्नेछ।
तर नगरपालिकामा बसोबास गर्ने स्थायी बासिन्दाको हकमा पूर्व स्वीकृतिको लागि दस्तुर तिर्नुपर्ने छैन। साथै सरकारी शैक्षिक संस्थाहरूलाई निःशुल्क सेवा उपलब्ध गराइनेछ।

**८. सुपरिवेक्षण, अनुगमन तथा प्रतिवेदनसम्बन्धी व्यवस्था :**
१. विद्यार्थीको प्रतियोगात्मक ज्ञान, सिप सिकाइको सुपरिवेक्षण तथा अनुगमन बुढानीलकण्ठ नगरपालिका, जनस्वास्थ्य महाशाखा तथा सम्वन्धित स्वास्थ्य चौकी प्रमुखद्वारा गरिने छ।

२. कार्यक्रम समापन भए पश्चात प्रतिवेदन सम्वन्धित शैक्षिक संस्थाले १ प्रतिका दरले सम्वन्धित स्वास्थ्य चौकीमा र बुढानीलकण्ठ नगरपालिका, जनस्वास्थ्य महाशाखामा समेत विद्यार्थीहरूले सिकेका प्रयोगात्मक ज्ञान तथा सिपसम्बन्धी प्रतिवेदन बुझाउनुपर्नेछ ।
३. सम्वन्धित स्वास्थ्य चौकीले शैक्षिक संस्थाको सिफारीस पत्रको आधारमा विद्यार्थीहरूलाई अनुभव पत्र तथा शैक्षिक संस्थालाई आवश्यक परेमा कार्यसम्पन्न पत्रसमेत दिने छ ।

आज्ञाले,

तुल्सीराम अर्याल,

प्रमुख प्रशासकीय अधिकृत